NIC ASIA CAPITAL

ISO 9001 : 2015 Certified Capital

ICRA RATING:
AMC Quality 3

# प्रेस विज्ञप्ति

## जेठ ६, २०७८

## एन आई सी एशिया डाइनामिक डेप्ट फण्डको इकाई घरमै बसी Online मार्फत खरिद गर्न सकिने ।

नेपालमै पहिलो पटक निश्चित् आम्दानी हुने उपकरणहरुमा लगानी गर्ने मुख्य उद्देश्यका साथ संचालित एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गतको पहिलो खुलामुखी योजना एन आई सी एशिया डाइनामिक डेप्ट फण्डको इकाईहरु अनलाईन मार्फत खरिद गर्न सकिने व्यवस्था मिलाईएको व्यहोरा सम्बन्धित सबैमा सहर्ष जानकारी गराउदछौं । हाल विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको नोवेल कोरोना (COVID-19) भाइरसको दोश्रो लहरको संक्रमण देशव्यापी रुपमा दिन प्रतिदिन फैलिरहेको र उक्त संक्रमणलाई रोकथाम गर्नका लागि निषेधाज्ञा जारी गरिएको अवस्थामा उक्त योजनाको इकाई लगानीकर्ताहरुले सहजै रुपमा खरिद गर्ने अवसर प्राप्त होस भन्ने मुख्य उद्देश्यका साथ एन आई सी एशिया क्यापिटलले अनलाईन मार्फत एन आई सी एशिया डाइनामिक डेप्ट फण्डको इकाई खरिद गर्न सकिने व्यवस्था मिलाएको छ ।

अनलाईन मार्फत उक्त डेप्ट फण्ड योजनाको इकाई खरिद गर्नको लागि एन आई सी एशिया क्यापिटलको वेभसाइट www.nicasiacapital.com वा सोझै https://nicddf.nicasiacapital.com/ मा क्लिक गरि unit purchase भित्र गई रितपुर्वक विवरण भरी योजनाको इकाई खरिद गर्न सकिने छ । हाललाई इकाई खरिद बापतको रकम भुक्तानी गर्नको लागि एन आई सी एशिया बैंक लिमिटेडको अनलाईन सेवा, कनेक्ट आइपिएस र खल्ती डिजिटल वालेट मार्फत गर्न सकिने छ ।

यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा क्यापिटलको आधिकारीक मोवाईल नं. ९८५११२१९६४ मा सोझै सम्पर्क गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ । यस विषम परिस्थितिमा सम्पुर्ण लगानीकर्ताहरुलाई घरभित्र बसेर कोरोना (COVID-19) संक्रमणबाट आफु पनि बच्न र अरुलाई पनि बचाउन अनुरोध गर्दछौं ।

*Payment Partner*

NIC ASIA एन आई सी एशिया बैंक लि. | connectIPS pay direct from bank | khalti

रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य